# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पचालझरना गाउँपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पचालझरना गाउँपालिका
## कालिकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पचालझरना गाउँपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/[illegible], काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ७६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

पचालझरना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट ।

१. **कैफियत सहितको राय** — हामीले पचालझरना गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ५२ लाख ५२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन।उल्लेखित बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३६ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५१ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख २६ हजार र पेश्की बाँकी रु. १ करोड १२ लाख ६५ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. १६ करोड ६३ लाख ३६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२० करोड १५ लाख ८८ हजार रहेको छ ।

गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

पचालझरना गाउँपालिका,

कालिकोट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| २६ | २६ | ३५२५२ | ० | ० | ० | २६ | २६ | ३५२५२ | ३६९६ | ५१२६ | १५१६५ | ० | ० | २०२९१ | ११२६५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पचालझरना गाउँपालिका, कालिकोट | १६६३३६ | ० | ० | ० | ० | ३५२५२ | २०१५८८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | | | | |
| | चालु वर्षको जम्मा | - | - | - |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | | | | |
| | २०७७।७८ | - | - | - |
| | | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | - |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**कार्यालय परिचय -** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।अन्य उद्देश्यहरु १ आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु । २ ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ३ ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु । ४ स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु रहेको छ ।

**लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१० देखि २०८०।०५।१४ सम्म रहेको छ ।

**लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका

लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आर्थिक कारोवारको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

२ **वित्तीय विवरण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व.-२०७९/८० अवधी - २०७९/०४/०१ - २०८०/०३/३१ | | | |
|---|---|---|---|
| प्रासी भुक्तानी हिसाव | | | |
| | यस वर्ष रु. | | |
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | ४६,७२,७५,६९३.०० | ४०,७७,०५,१४७.४८ | ४०,७७,०५,१४७.४८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४६,७२,७५,६९३.०० | ४०,७७,०५,१४७.४८ | ४०,७७,०५,१४७.४८ |
| ११००० कर | ७,५८,६४,२९३.०० | ७,३८,९१,७९२.१७ | ७,३८,९१,७९२.१७ |
| १३००० अनुदान | ३९,०४,५४,०००.०० | ३३,२९,९४,६३९.३१ | ३३,२९,९४,६३९.३१ |
| संघीय सरकार | ३२,१३,२८,०००.०० | २७,१४,२७,०९५.८८ | २७,१४,२७,०९५.८८ |
| प्रदेश सरकार | ६,९१,२६,०००.०० | ६,१५,६७,५४३.४३ | ६,१५,६७,५४३.४३ |
| १४००० अन्य राजस्व | ७,५७,४००.०० | ८,१८,७१६.०० | ८,१८,७१६.०० |
| १५००० विविध प्राप्ति | २,००,०००.०० | ० | ० |

| | | | |
|---|---|---|---|
| ३३००० दायित्व | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | | |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ० | ० | ० |
| धरौटी | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४८,०२,७५,६९३.०० | ४०,५२,२१,५१२.७० | ४०,५२,२१,५१२.७० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४८,०२,७५,६९३.०० | ४०,४८,४६,८९६.७० | ४०,४८,४६,८९६.७० |
| २१००० पारिश्रमिक / सुविधा | ४,३०,०४,०००.०० | ३,९८,०९,९६५.८६ | ३,९८,०९,९६५.८६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ५,६२,१५,०००.०० | ५,११,४६,१८६.७२ | ५,११,४६,१८६.७२ |
| २५००० सहायता (Subsidy) | ० | ० | ० |
| २६००० अनुदान | २७,७९,०६,६९३.०० | २३,३७,०१,७००.६३ | २३,३७,०१,७००.६३ |
| २७००० सामाजिक सुरक्षा | १४,५०,०००.०० | १२,४९,९९९.७५ | १२,४९,९९९.७५ |
| २८००० अन्य खर्च | २५,००,०००.०० | २४,००,५१०.०० | २४,००,५१०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ९,९२,००,०००.०० | ७,६५,३८,५३३.७४ | ७,६५,३८,५३३.७४ |
| घ. अन्य भूक्तानी | | ३,७४,६१६.०० | ३,७४,६१६.०० |
| कोषहरु | ० | ० | ० |
| धरौटी | ० | ५,११,०८१.०० | ५,११,०८१.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,३६,४६५.००) | (१,३६,४६५.००) |
| ङ. यो वर्षको बचत (न्युन) | (१,३०,००,०००.००) | २४,८३,६३४.७८ | २४,८३,६३४.७८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ९३,९८,४६४.०० | ९३,९८,४६४.०० |

| | | | |
|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | (१,३०,००,०००.००) | १,१८,८२,०९८.७८ | १,१८,८२,०९८.७८ |
| | | | |
| बैंक तथा नगद बाकी | | १,१८,८२,०९८.७८ | १,१८,८२,०९८.७८ |

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,२४,६५,९०४।०१र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.७७,२४,७८२।- समेत गरी रु.९,०१,९०,६८६।०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।प्राप्त वितीय विवरणको अनुसूची-२४ मा बैंक कारोवारमा बर्षान्तको बाँकी रु.३,३१,४९,४०९।६५र अनुसूची-२४ अनुसारको नगद तथा बैंक बाँकी रु.१,७६,०५,४६९।७६ भई बैंकमारु.१,५५,४३,९४०।४९ बढी मौज्दातदेखिएकोछ। बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं.) तयार गरी खुद मौज्दात यकिन गर्नुपर्दछ ।

**फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार २०७९ आषाढ मसान्तमा रु.६,४८,४४,२८७।- मौज्दात रहेकोमा यो वर्ष रु.४,८३,३४,०५०।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,६५,१०,२२८।-घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्ने देखिएको रु.१,६५,१०,२२८।००

**फरक हिसाब**- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७३,७०,५५७।०० , यस वर्षको प्राप्ति रु.१०,६३,५६,७०८।५२, यस वर्षको भुक्तानी रु.९,९७,८०,३०५।३० र बैङ्क मौज्दात रु.८३,७४,३३६।७८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी

म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं. २७२) | ७४०१९४८।०० | ४०७७०५१४७।४८ | ४०४८४६८९६।७० | ११८८२०९८।७८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३१३९१।०० | ५१४०६१८५६।०० | ५०४६२७२०२।०० | ३५०७७६२।०० |
| फरक | ७३७०५५७।०० | १०६३५६७०८।५२ | ९९७८०३०५।३० | ८३७४३३६।७८ |

**सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा नान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च र पुँजीगत खातामा म्यानुअली शुन्य बनाएको छ भने श्रेस्ताअनुसार चालु खर्च खातामा रु.१,०२,०३,५५८।३३, पुँजीगत खातामा रु.१,०७,१३,७३९।७२ मौज्दात रहेको पाइयो । आन्तरिक राजस्व खातामा रु.१,६८,४८३।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु.६३,६१,८३४।- र प्रदेश सरकारलाई रु.१०,८१,८८५।- गरी रु.७४,४३,७१९।- फिर्ता गरेको छ ।

५ **तलवि प्रतिवेदन पारित नगरेको**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१,२०,५०,५७४।१० - खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

६ **खरिद इकाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नुपर्ने र उक्त महाशाखा, शाखा वा इकाईको प्रमुखको जिम्मेवारी वहन गर्नुपर्ने गरी खरिद अधिकारी तोक्नुपर्नेमा कार्यालयले सोको स्थापना गरेको देखिएन । अतः कार्यालयले खरिद इकाई वा शाखा स्थापना गरी खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

## ७ आन्तरिक नियन्त्रण प्रणाली

७.१ **बेरुजु लगत -** कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन । बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणका क्रममा म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको पाइयो।

म. ले. प. फाराम ८०१ — बेरुजु लगत
म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

७.२ **सूचना प्रविधि पद्धति-** लेखापरीक्षणका दौरानमा सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा ध्यान दिन नसकेको पाइयो ।

-वित्तीय लेखाङ्कन कार्यमा सूत्र र सिग्यास प्रयोगमा रहेको
- जिन्सी लेखाङ्कनको लागि PAMS को प्रयोग नगरिएको
- राजश्व सम्बन्धी लेखाङ्कनमा सूचना प्रविधिको प्रयोग नभएको

कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,
• सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,
• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको,
• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

तसर्थ, कार्यालयले सूचना प्रविधि नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।

७.३ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन-

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा र एकिकृत स्वास्थ्य पूर्वाधार शीर्षक तर्फको खर्चको मात्र आन्तरिक लेखापरीक्षण गराएको अन्य वित्तीय हस्तान्तरण बाट भएको खर्च तथा आन्तरिक आय तर्फ आन्तरिक लेखापरीक्षण गराएको पाइएन ।

•आन्तरिक राजश्वतर्फको आन्तरिक लेखापरीक्षण नहुँदा आयतर्फको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको पाइयो ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको भए पनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको पाइएन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको देखियो ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको देखियो ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो नगरेको पाइयो ।

८ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसूचीमा रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार सुशासन तथा अन्तरसम्बन्ध क्षेत्रमा सबैभन्दा कम ५.६० प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४५.४६ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले २०.९३ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७४४१००० | २५७४२९५३ | ६.३६ |
| २ | पूर्वाधार विकास | १४१३४५००० | ८४७९४९८७ | २०.९३ |
| ३ | सामाजिक विकास | १९३२३५६९३ | १८४१२७३३० | ४५.४६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्ध क्षेत्र | २३३४२००० | २२४७६२२९ | ५.५५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासन | ९४११२००० | ८७९३१३१८ | २१.७ |
| जम्मा | | ४८०२७५६९३ | ४०५०७२८१७ | १०० |

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७९।३।१० गते रु.४८ करोड २ लाख ७६ हजार बजेट सभा समक्ष पेश गरी मिति २०७९।३।३० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रिय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४०२८२१६८ | ८१८९२७३ | २.४१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४१ प्रतिशत मात्र रहेको छ । तसर्थ, पालिकाले आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले आ व २०७९/८० मा दुई पटक गरी जम्मा रु.१,८३,००,०००।- रकमान्तर गरेको देखिन्छ । रकमान्तर गर्दा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने भएतापनि पालिकाले रकमान्तर गर्दा यसलाई पूर्णरुपमा पालना गर्न नसकेको र कुन शीर्षकबाट घटाई कुनमा थप भएको हो सो एकिन नगरी रकमान्तर गरेको देखिएकाले यसतर्फ पालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

१२ **आयको प्रक्षेपण तथा वितरणको खाका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण,

विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितिलाई जानकारी गराउनु पर्दछ।

१३ **अवण्डा बजेट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम बजेट विनियोजन गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। छ। तर पालिकाले बजेट विनियोजन गर्दा अबण्डा बजेट विनियोजन गरी खर्च लेखाङ्कन गरेको छ ।केही उदाहरण देहाय बमोजिम रहेको छः

| योजनाको नाम | खर्चसंकेत नं. | विनियोजन | खर्च |
|---|---|---|---|
| वडा नं. १ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ९९८५६३ |
| वडा नं. २ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ९९६२८६ |
| वडा नं. ३ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ९९९६३९ |
| वडा नं. ४ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | १०००००० |
| वडा नं. ५ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ८८७३३८ |
| वडा नं. ६ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ९४३२३१ |
| वडा नं. ७ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | १०००००० |
| वडा नं. ९ पूँजीगत | ३११५९ (सार्वजनिक निर्माण) | १०००००० | ८४७८०३ |
| आ.व. २०७७।७८ का समपूरक योहनाहरुको लागि | ३११५९ (सार्वजनिक निर्माण) | २८६५००० | २३१४९३८ |
| विविध भैपरि लगायत अन्य | २२५२२(कार्यक्रम खर्च) | ४७००००० | ४६९७५८६ |

| जम्मा | १४६८५३८४ |
|---|---|

१४ **विनियोजित बजेट**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार २६००० संकेत अन्तर्गत अनुदान शीर्षक रहेको र यसमा सरकारले प्रदान गर्ने अनुदान मात्र समाबेश हुन्छ । यो आधार शीर्षकमा खर्च लेख्न मिल्दैन तर पालिकाले पालिकातर्फ तपशील बमोजिमको शीर्षक राखी रू.२२,३८,८५,०००।०० खर्च लेखेको छ ।साथै सशर्त अनुदानतर्फ रू.२१,९४,४७,०००।०० खर्च लेखेको छ । सो सम्बन्धमा पालिकाले यकीन गरी सही बजेट विनियोजन र खर्च लेखाङ्कन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **अध्यक्ष/उपाध्यक्ष कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम बजेट विनियोजन गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। छ।तर पालिकाले बजेट विनियोजन गर्दा तपशील बमोजिमको योजनामा अबण्डा बजेट विनियोजन गरी खर्च लेखाङ्कन गरी खर्च लेखाङ्कन गरेको छ । सो कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

| योजनाको नाम | खर्चसंकेत नं. | विनियोजन | खर्च |
|---|---|---|---|
| अध्यक्ष कार्यक्रम | २२५२९ (विविध कार्यक्रम खर्च) | १०००००० | ७०६२४६ |
| उपाध्यक्ष कोष चालु | २२५२९ (विविध कार्यक्रम खर्च) | १०००००० | ८५६२२८ |
| **जम्मा** | | | **१५६२४७४** |

१६ **सेवा प्रवाह विवरण**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट गरिएको सेवा प्रवाहको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसतर्फ पालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | स्वीकृत घर नक्सा दर्ता पास | ० | नभएको |
| २ | पञ्जिकरणतर्फ | ० | डाटा स्पष्ट आएन |

| | | | |
|---|---|---|---|
| ३ | जन्मदर्ता | १०९९ | |
| ४ | मृत्युदर्ता | ५७ | |
| ५ | बसाईसराई | २१ | |
| ६ | विवाहदर्ता | ७९ | |
| ७ | पूर्वाधार विकास निर्माण | २५० | |
| ८ | कालोपत्रे सडक निर्माण | ० | नभएको |
| ९ | कालोपत्रे सडक मर्मत | ० | नभएको |
| १० | ग्राभेल सडक निर्माण | ३.५ कि.मि. | |
| ११ | ग्राभेल सडक मर्मत | ३.५ कि.मि. | |

## १७ पेश्की व्यवस्थापन

१७.१ **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम १ मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असुल गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको उपभोक्ता समितिको नाममा रु.४,६५,०००।०० र ठेकेदारको नाममा रू.१,०८,००,०००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार समयमा पेश्की फछ्र्यौट हुनुपर्दछ । पेश्की फछ्र्यौटको प्रमाण पेश हुनुपर्ने अन्यथा असुलउपर रू.

| बजेट | पार्टीको नाम | पेश्की बिबरण | रकम |
|---|---|---|---|
| ठेकेदारतर्फ | | | |
| पूँ गो भौ नं १ | खगेन्द्र निर्माण सेवा | गत वर्षको अल्या | ९,००,००० |
| पूँ गो भौ नं १ | अभियान निर्माण सेवा | गत वर्षको अल्या | ९९००००० |
| उपभोक्ता समितितर्फ | | | |
| चा गो भौ नं १ | ढोङ्गी तोलिभिड खानेपानी उ स | गत वर्षको अल्या | ३,००,००० |
| चा गो भौ नं १ | ठूलामाडु मन्दिर निर्माण उ स | गत वर्षको अल्या | १,६५,००० |
| जम्मा | | | १,१२,६५,००० |

| | |
|---|---|
| पेश्की | १,१२,६५,००० |

१७.२ **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम १ मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असुल गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको ५ जनाको नाममा रु.२३,००,०००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार समयमा पेश्की फछ्र्यौट हुनुपर्दछ ।

| बजेट | व्यक्तिको नाम | पेश्की बिबरण | रकम |
|---|---|---|---|
| पूँ. गो भौ नं १ | पौरख विश्वकर्मा | गत वर्षको अल्या | ११,००,००० |
| पूँ. गो भौ नं ६ | विनोद बहादुर शाही, वडा सचिव | ९ नं वडा पूँजीगत | ३,३०,००० |
| पूँ. गो भौ नं ७ | चेतना खड्का, वडा सचिव | ३ नं वडा पूँजीगत | ३,३०,००० |
| पूँ. गो भौ नं ८ | पंखराज संज्याल, वडा सचिव | ६ नं वडा पूँजीगत | ४,४०,००० |
| पूँ. गो भौ नं ९ | पंख बहादुर सेजुवाल, वडा सचिव | ४ नं वडा पूँजीगत | ३,३०,००० |
| जम्मा | | | २५,३०,००० |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिन सकिने व्यवस्था रहेको छ तथापी पूँजीगततर्फको शीर्षक/कार्यक्रमबाट व्यक्तिलाई पेश्की दिन मिल्ने नदेखिएकोले पूँजीगत शीर्षकबाट व्यक्तिको नाममा गएको पेश्की रू.२३,००,००० को वार्षिक १० प्रतिशतका दरले ब्याज रू.२,३०,०००।०० समेत गरी जम्मा रू.२५,३०,००० नगदै असुल गरी दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,३०,००० |

१७.३ **पेश्की बाट खर्च भुक्तनी** - २३।२०६९।०९।२६ बदालकोट स्वास्थ्य चौकि इन्चार्ज भुमिन्नद संज्याललाई पेश्की दिएको लेखामा बजेट खर्च हुन गएको हुदा उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा निजबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

१७.४ फस्यौंट हुन बाँकी रकम लेखा र बरबुभारथ (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा आर्थिक वर्षमा जिम्मेवारी, सरुवा, बढुवा वा अवकाश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी

हालवालालाई बरबुझारथ, म्याद नाघेको र म्याद ननाघेको छुट्टै अभिलेख राखी एकीकृत लगत ) कार्यालयले राख्ने गरेको पाईएन । पेश्कीको छुट्टै लगत नराखी सुत्रबाट नै मलेप फा नं २११ फछ्र्यौट गर्न बाँकीको मास्केबारीबाट मात्र विश्लेषण गर्नुपर्दा र गत आ व को पेश्की अ ल्या हुँदै आएकोले पेश्कीको पूर्ण विवरण निकाल्न सकिएन । कार्यालयले पेश्कीको अभिलेख राख्ने र समयमा नै पेश्की फछ्र्यौट गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१८ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ मा सरकारी बजेट खर्च गर्दा जुन शीर्षकमा बजेट विनियोजन भएको हो, सोही शीर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विनियोजित रकम खर्च गर्दा खर्चको वर्गीकरण र व्याख्यामा उल्लेख भए अनुसार सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी खर्च लेख्नुपर्दछ । पालिकाले देहायको कार्यक्रममा फरक शीर्षकबाट भुक्तानी दिएको छ ।जसलाई नियमसम्मत मान्न सकिएन । अनियमित भएको रू.

| **गो. भौ. नं., मिति** | **विनियोजन शीर्षक र विवरण** | **भुक्तानी गरेको शीर्षक** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|---|
| गा.पा. शिक्षा चालु ८,२०७९।०९।२६ | कार्यालय संचालन तथा व्यवस्थापन | इन्धन बिल भुक्तानी | भुपेन्द्र बहादुर शाही | २२६५४ |
| गा.पा. स्वास्थ्य चालु ५५,२०८०।०३।२४ | करार सेवा शुल्क | विविध बिल भुक्तानी | प्रेम जनरल स्टोर्स एण्ड सप्लायर्स | ४२५२०० |
| गा.पा. शिक्षा चालु ६२,२०८०।०३।२३ | शुन्य दरबन्दी भएका विद्यालयको लागि शिक्षण सिकाई अनुदान अनतर्गतकोपारिश्रमिक | विविध बिल भुक्तानी | कालिका सोलार एण्ड आइटी ११९२९२, नमराज शाही ११९५३३ | २३८८२५ |
| गा.पा.शिक्षा चालु ६४,२०८०।०३।२३ | शुन्य दरबन्दी भएका विद्यालयको लागि शिक्षण सिकाई अनुदान अनतर्गतकोपारिश्रमिक | दैनिक भ्रमणभत्ता भुक्तानी | शिक्षा शाखा लगायत गापा कर्मचारीहरु | ८९५०० |
| **जम्मा** | | | | **७७६१७९** |

| | |
|---|---|
| अनियमित भएको | ७,७६,१७९ |

१९ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७,१६,३४२ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत- उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१६,३४२ |

२० **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४९४३२६० | १३१३०३९६ | -८१८७१३६ |
| चालु खर्च खाता | १०२०३५५८ | ० | १०२०३५५८ |
| पुँजीगत खर्च खाता | १०७१३७४० | ० | १०७१३७४० |
| विविध खर्च खाता | १६४३५२५ | १४७८००० | १६५५२४ |
| स्थानीय विभाज्य कोष | ० | | ० |
| धरौटी | ५६४५३२८ | ५६४५३२८ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | १६८४८३ | -१६८४८३ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान | ० | ० | ० |
| **जम्मा** | **३३१४९४१०** | **२०४२२२०७** | **१२७२७२०३** |

पालिकाले श्रेस्ताले देखाएको भन्दा बैंकमा घटी मौज्दात देखिएको सम्बन्धमाा छानबिन गरी बैंक मौज्दात यकिन गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२७,२७,२०३ |

२१ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले गाउँपालिका पूँजीगत गो.भौ.नं. ८७,२०८०।०१।२० मा विपदका लागि पाइप खरिद तथा वितरण शीर्षकबाट पाइप खरिद गरी निर्देशजंग निर्माण सेवा एण्ड अर्डर सप्लायर्स, कालीकोटलाई रू. ४१०५१५ भुक्तानी गरेको देखिन्छ। प्राविधिक प्रतिवेदन, वितरणको भरपाई बिना टिप्पणीको आधारमा नै पाइप खरिद वापतको भुक्तानीलाई नियमसम्मत मान्न सकिएन। अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,१०,५१५ |

२२ **अधुरो निर्माण कार्यको विवरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। तर निर्माण व्यवसायीले सम्झौता बमोजिम समयमा नै काम सम्पन्न गर्ने तर्फ ध्यान दिएको पाईएन । कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ठेक्का अधुरो भएको तर म्याद थपमा व्यवसायीले चासो नदिएको ठेक्का सम्वन्धी विवरण देहाय बमोजिम रहेको छः

| क्र. सं. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | पचाल झरना पदमार्ग निर्माण | सि.एम. मंगलदिप स्लेट जे.भी. काठमाण्डौ | २०७८।०३।२३ | | २०७९।११।३० | १,८०,४८,७५८।६० | ७०.०० % |
| २ | कुलमुल नयर डुङ्ग्री सिंचाई कुलो निर्माण | बिकास अभियान जे.भी. काठमान्डौ | २०७९।०२।१० | | २०८०।०३।२० | ९९,००,०००।०० | २५.०० % |
| ३ | खाद्य भवन निर्माण | कुशल निर्माण सेवा कालीकोट | २०७७।१२।१६ | | २०७८।०३।१५ | १२,८९,१२८।७० | ९९.०० % |
| ४ | सकदिखि बिसखेत सम्म सिंचाई कुलो निर्माण | एस.बि. निर्माण सेवा कालीकोट | २०७७।१२।१८ | | २०७८।०३।१८ | ४४,०१,७९१।५८ | ५३.०० |
| ५ | जनता मा.वि. विद्यालय भवन निर्माण | कुशल निर्माण सेवा कालीकोट | २०७७।१२।१२ | | २०७८।०३।१५ | १०,००,०८२।२६ | ९९.०० % |
| **जम्मा खर्च भएको** | | | | | | **३,४६,३९,७६१।१४** | |

२३ **बढी भुक्तानी**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ नियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले देहायको भुक्तानीमा बिलभर्पाई, प्रमाण कागजात भन्दा बढी भुक्तानी दिएको देखिन्छ ।बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| गो.भौ.नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | भुक्तानी रकम | बिलभर्पाई पेश | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| गा.पा. पूँजीगत ३३, २०७९।०९।२७ | श्री सरस्वती मा.वि. भिटा फिल्ड निर्माण | श्री सरस्वती मा.वि | ११४३००७ | १,११९,५२१ | २३,४८६ |
| गा.पा.पूँजीगत ५८, २०७९।११।१२ | कर्णाली आधारभूत विद्यालय, तिखाती भवन निर्माण | श्री कर्णाली आ.वि. | १४,२५,४३० | १३९५६३७ | २९,७९३ |
| **जम्मा** | | | **११४३००७** | **२,५१५,१५८** | **५३२७९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,२७९ |

२४ **प्रशासकीय भवन निर्माण**

सार्वजनिर खरिद ऐन, २०६३ को दफा ४ मा निर्माण कार्यको विस्तृत नक्सा डिजाइन तथा नापी तयार पार्नुपर्ने नियमावली २०६४ को नियम १० मा निर्माण लागत अनुमान अनुसूची १ को ढाँचामा तयार पार्नुपर्ने व्यवस्ता रहेको छ । पालिकाले विस्तृत डिजाइन, नापी तथा नक्सा तयार गरी भवनको नक्सा पास गरी जम्मा रू.३,८५,७२,९११।६३ (मू.अ. कर सहित) पुष्पाञ्जली जेभियर्ससँग मिति २०७८।०४।०५ मा सम्झौता गरेको देखिन्छ । सम्झौता अवधि २०८०।०३।३० सम्म कायम रहेकोमा निर्माण व्यवसायीले अन्तिम भुक्तानी २०८०।०३।१६ मा लगेको देखिन्छ । प्रशासकीय भवन निर्माणको लागत साझेदारी (६०/४०) संघीय सरकारसँग रहेकोमा संघीय सरकारबाट जम्मा रु.२,१०,००,०००।०० प्राप्त भएको छ । कार्यसम्पादन जमानत नेपाल बंगलादेश बैंकसँग रु.६६,२६,९००।०० रहेकोमा जमानतको म्याद २०८१।०४।३० सम्म रहेको छ।तर प्रशासकीय भवनको निर्माण सम्पन्न प्रतिवेदन भनें पेश हुन सकेन। यसतर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको भुक्तानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| PRM/AOBCPRM/KKT/NCB/१०/२०७७/७८ | पचालझरना प्रशासकीय भवन निर्माण | २०७८।०४।०५ | ३८५७२९११।६३ | २०८०।०३।३० | ३४०१०९७३।५३ | १०० |

२५ **करार कर्मचारीको महङ्गीभत्ता**

प.सं. ३६५-०३।७८।७९ च.नं. १७९९ को अर्थ मन्त्रालयको परिपत्र अनुसार स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीलाई महङ्गी भत्ता उपलब्ध गराउन नसकिने परिपत्र छ । यस पालिकाका इञ्जिनियर पदमा कार्यरत विप्लव भट्टले महङ्गी भत्ता बुझेको देखिन्छ । अतः नपाउने सुबिधा लिएवापतको रकम रु.२६,०००।०० नियमानुसार असुलउपर गरी स्थानीय संचित कोष खातामा दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

२६ **बढी तलब निकासा**

निजामती सेवा ऐन, २०४९ र नियामावली, २०५० ला निजामती कर्मचारीलाई काम गरेवापत पारिश्रमिक पाउने कुरा सुनिश्चित गरेको छ । तर पचालझरना गाउँपालिका स्वास्थ्य शाखामा करारमा कार्यरत कार्यालय सहयोगी श्री रिता भण्डारी सेवा छाडेर गएको २ महिना पछिसम्म पनि निजको खातामा तलब भुक्तानी भएको र सो कुरा आन्तरिक लेखापरीक्षणका क्रममा पनि औंल्याईएको छ । सेवापश्चात भुक्तानी भएको सो रकम निजबाट असूलउपर गरी दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,७०० |

२७ **औचित्य बेगरको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सरकारी रकम खर्च गर्दा त्यसको औचित्य पुष्टि हुनुका साथै त्यसलाई प्रमाणित गर्ने बिल, भरपाई, प्रमाण र कागजात हुनुपर्दछ । गाउँपालिका चालुतर्फको गो.भौ. नं. १४२, २०७९।१०।०९ खेलकुदतर्फ गत आ.व. मा संचालन भएको खेलकूद कार्यक्रमको भुक्तानी दिन बाँकी रकम गाउँ खेलकूद विकास समितिलाई रू.२५,००,०००।०० भुक्तानी दिएकोमा प्यान बिल मात्र भएको, खाजा खाना गाडीभाडा ड्रेसको बिल भर्पाई मात्र समावेश भएको खर्चलाई नियमसम्मत मान्न सकिएन । अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

२८ **स्वास्थ्य**

